# ६ ख्रीष्टको मृत्यु र व्यवस्था

*यस अध्यायका मूल पदहरू:* रोमी ७:१-६, रोमी ७:७-१३, रोमी ८:५-८, रोमी ४:१५, प्रेरित १३:३८,३९ र गलाती ३:१०।

*स्मरण गर्नुपर्ने पद:* **"मेरा भाई र बहिनीहरू, व्यवस्थाको सन्दर्भमा जब ख्रीष्ट मर्नुभयो तिमीहरू पनि मरियौ। त्यसले गर्दा तिमीहरू उहाँको अधीनमा रहन सम्भव भएको छ। उहाँ मृत्युबाट बौरि उठाइएको थियो। अब हामीहरूको जीवन परमेश्वरको निम्ति उपयोगी हुनसक्छौं।" (रोमी ७:४ रूपान्तरित)।**

**एक जना महिला गतिसिमित नाघेर एकदम रफ्तारमा आफ्नो कार हाँकिरहेकी थिइन्।** अचानक उनले आफ्नो कारको झ्यालबाट पछाडी ट्राफिक पुलिसको रातो र निलो बत्ति बल्दै उनको पछि आइरहेको देख्छिन्। कान खाने गरेर नै साइरन बजाउँदै त्यस पुलिसको कार उनको पछि पछि आउँदै थियो। उनले आफ्नो कार रोक्छिन्। आफ्नो झोलाबाट ड्राइभरको लाइसेन्स निकाल्छिन्। पुलिसले उनकहाँ आएर त्यो लाइसेन्स लिन्छन् र उनलाई कारमै बस्नु भन्छन्।

अधिकतम गतिसिमितमा कार हाँकेको हुनाले उनले कति जरिमाना तिर्नुपर्छ होला भनेर आँतिन्छिन्। त्यतिमात्र होइन, आफ्नो साथमा धेरै पैसा नभएकोले जरिमाना कसरी तिर्ने भनेर पनि चिन्तित हुन्छिन्। केही समयपछि पुलिस उनका आउँछन् र भन्छन् "बहिनी तिमीले ट्राफिक नियम भङ्ग गरेको हुनाले तिम्रो निम्ति यो कदम चाल्दछौं। तिमीले ट्राफिक नियमको पालन नगर्दा दण्ड भोग्नु पर्छ। तर तिमीले दण्ड नभोगोस् भनेर त्यो नियम खारेज गर्दछौं। अनि तिमीले जतिसुकै रफ्तारमा कार हाँकेपनि त्यसको सजायँ हुँदैन।"

यो कथा हाँसो लाग्दो छ। तर इसाई क्षेत्रमा त्यही मनस्थिति बोकिएको छ। ख्रीष्ट क्रुसमा मर्नुभएकोले उहाँको व्यवस्था वा दश आज्ञाहरू खारेज भएको छ रे !

यस अध्यायमा येशूको मृत्युको बारेमा अध्ययन गर्दछौं र साथै व्यवस्थासँग उहाँको मृत्युको सम्बन्ध के छ सो पनि अध्ययन गर्नेछौं।

## १ व्यवस्था वा दश आज्ञाको सन्दर्भमा मरिनु (रोमी ७:१-६)

**"१ भाइ हो, के तिमीहरू जान्दैनौ? म व्यवस्था जान्नेहरूसँग बोलिरहेछु? कि मानिसको जीवनकालसम्म मात्र व्यवस्था लागू रहन्छ। २ उदाहरणको लागि, एउटी विवाहिता स्त्री तिनको पति बाँचुञ्जेल आफ्नो पतिसँग कानूनले बाँधिएकी हुन्छिन्, तर यदि तिनको पति मऱ्यो भने पति सम्बन्धको कानूनबाट तिनी मुक्त हुन्छे। ३ यसै गरी पति जीवित छँदै तिनी अर्को पुरुषसँग बस्न गई भने तिनी व्यभिचारिणी कहलाइन्छिन्। तर पति मऱ्यो भने तिनी त्यस कानूनबाट मुक्त हुन्छिन्, र अर्को पुरुषसँग विवाह गरी भने पनि तिनी व्यभिचारिणी हुँदिनन्। ४ यसरी मेरा भाइ हो, तिमीहरू पनि ख्रीष्टको शरीरद्वारा व्यवस्थाको लेखि मरेका छौ, ताकि तिमीहरू अर्को मानिस, अर्थात् मृत्युबाट जीवित हुनुभएका ख्रीष्टसँग एक होओ, र हामी परमेश्वरको निम्ति फल फलाऔं। ५ जब हामी पापमय स्वभावमा जीवन बिताइरहेका थियौं, तब मृत्युको फल फलाउनलाई व्यवस्थाले उत्तेजित गराइएका हाम्रा पापमय कुअभिलाषाहरूले हाम्रा अङ्गहरूमा काम गर्दथे। ६ हामीलाई बन्धनमा राख्ने व्यवस्थाको लेखि मरेर हामी अब त्यसदेखि मुक्त भएका छौं, र हामी पुरानो लिखित विधानको अधीनमा होइन, तर पवित्र आत्माको नयाँ जीवनमा सेवा गर्दछौं।" (रोमी ७:१-६)। एक एक शब्द केलाएर पावलको उक्त कथन पढ्नुहोस् र उनले के भनिरहेका छन् सो को सार निकाल्नुहोस्। बाइबलमा व्यवस्थाको बारेमा विभिन्न ठाउँहरूमा उल्लेख गरेका अंशहरू पनि याद गर्दै पावलको भावना बुझ्न खोज्नुहोस्।**

मानिस नमरुञ्जेल व्यवस्थाले उसलाई बाँधिएको हुन्छ भनेर कतिपय बाइबलका अनुवादहरूमा पाइन्छ। तर खास अर्थचाहिँ यो होः "प्रत्येक जीवित व्यक्ति व्यवस्था वा कानूनको दायरामा रहन्छ।" पावलले व्यक्त गरेका पदहरूमा मुर्दाको बारेमा होइन जीउँदो मानिसको बारेमा चर्चा गरिरहेका छन्।

विवाहित व्यक्तिलाई लिएर उदाहरण दिनुपर्दा यदि त्यस व्यक्तिले आफ्नो वैवाहिक व्यक्तिसँग बाहेक अरूसँग शारीरिक सम्बन्ध राखे भने त्यस व्यक्तिले कानुन भङ्ग गरेको ठहर्छ र व्यभिचारी गरेको

भनि दोषी ठहऱ्याउँछ। तर यदि विवाह गरेको व्यक्ति मरियो भने मात्र कानुनलाई भङ्ग नगरि अरूसँग सम्बन्ध राख्न सकिन्छ।

फेरि कतिपयले यो तर्क गर्छन् कि येशू मरेपछि व्यवस्था मरियो वा खारेज भयो। तर ख्रीष्टको शरीरले गर्दा त्यस मानिसको निम्ति व्यवस्था मरिएको छ भनेर यथार्थमा औँल्याउँछ **(रोमी ७:४)**। आफ्नो पुरानो जीवन वा भाग पो मऱ्यो भनेर रोमी ६:६ले खुलासा गर्दछ। तर जब मानिस पुरानो जीवनसँग एकबद्धता हुन्छ तब ऊ व्यवस्थाको अधिनमा दोषी भएर बस्नुपर्दछ। त्यसले गर्दा कुन् सम्बन्धमा रहने भनेर मानिस भयावह धरापमा पर्दछ (रोमी ७:९-११, २४)। जब पुरानो स्वार्थी जीवन मर्दछ तब त्यो मानिस जीवित हुनुभएको अर्को व्यक्ति वा ख्रीष्टसँग सम्बन्ध गाँस्न ऊ स्वतन्त्र हुन्छ (रोमी ७:४)।

ख्रीष्ट र विश्वासीको नयाँ मिलनमा परमेश्वरको व्यवस्थाले शासन गर्दछ भनेर पावलले व्यक्त गरिरहेको हामी पाउँछौं। तर ख्रीष्टसँग  वैवाहिक सम्बन्धमा विश्वासी गाँसिएको हुनाले अब व्यवस्था वा दश आज्ञाले दिने दोषको डरमा रहनुपर्दैन। ख्रीष्टको धार्मिकताले उक्त विश्वासी छोपिएको हुनाले उनी अब व्यवस्थाले लगाउने दोषबाट स्वतन्त्र भएर बस्ने अवसर उसलाई मिलेको हुन्छ।

पापको परिभाषा दिने दश आज्ञा रद्द भयो भनेर पावलले भनिरहेको छैन। यदि भइयो भने बाइबलकै खिलाफमा त्यो गएको हुन्छ। पावलको कतिपय लेखहरूमा दश आज्ञाको गरिमामयलाई उल्लेख गरेका छन्। दश आज्ञा खारेज भयो भने मानिसलाई आदर्श जीवन बिताउने पावलको विद्याको औचित्य हुँदैन। बरू जब येशूमाथि आस्था राखिन्छ तब दश आज्ञालाई नयाँ दृष्टिकोणले हेरेर येशूसँग सम्बन्ध गाँसिन्छ। त्यसकारण ख्रीष्टलाई विश्वास गर्दा पनि दश आज्ञा वा व्यवस्थाको दायरामा विश्वासी बसिन्छ। यथार्थमा जब कोही मानिस येशूमा रहन्छ तब उसको पुरानो जीवन मर्दछ र पाप पनि उसको निम्ति मुर्दासरी हुन्छ। उनी येशूको अधिनमा रहेको हुनाले उनलाई व्यवस्था वा दश आज्ञाले घरिघरि दोषी औँल्याइरहनु आवश्यक देखिन्दैन।

## २. पाप र मृत्युको व्यवस्था वा कानून (रोमी ८:१-८)

जो इसाई हुँ भनेर दावी गर्दछ र येशूको मातहतमा रहन्छ त्यो व्यक्ति "परमेश्वरको आरोपमा रहन्दैन। मलाई अब पवित्र आत्माको व्यवस्थाले नियन्त्रण गरेको छ। येशू ख्रीष्टले जे गर्नुभयो त्यसले गर्दा त्यस व्यवस्थाले मलाई जीवन दिन्छ। त्यसले मृत्यु ल्याउने पापको कानून वा व्यवस्थाबाट मलाई स्वतन्त्र तुल्याइएको छ।" भनेर पावलले औँल्याउँछन् (रोमी ८:१,२ रूपान्तरित)। यी वाक्यहरूका वरिपरि भएका अरू पदहरू नपढि केवल ती वाक्यहरूलाई मात्र पढियो भने पावलले दुई विपरित कानून वा व्यवस्थाको बारेमा चर्चा गरिरहेको देखिन सक्छः जीवनको व्यवस्था र मृत्यु तथा पापको व्यवस्था। तर भिन्नता व्यवस्थामा होइन बरू ख्रीष्टलाई ग्रहण गर्नु भन्दा पहिले र पछिको मानिसको जीवनमा हो।

**परमेश्वरको व्यवस्थाले कस्तो काम गर्छ भनेर रोमी ७:१-१३मा पावलले कसरी देखाउँछन्? हेर्नुहोस्: "हामीले के भन्ने त? व्यवस्था पाप हो? कदापि होइन! यदि व्यवस्था नभए मैले पाप थाहा पाउनेथिइनँ, किनकि "तैंले लोभ नगर्" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउनेथिइनँ। ८ तर पापले आज्ञामा मौका पाएर ममा सबै किसिमका लोभ उत्पन्न गरायो। व्यवस्थाविना त पाप मुर्दातुल्य हो। ९ व्यवस्थाविना रहँदा एक पल्ट म जीवित थिएँ, तर आज्ञा आएपछि पाप जागिउठ्यो, र मचाहिँ मरें। १० जीवनको प्रतिज्ञा दिने त्यही आज्ञाले मेरो निम्ति मृत्यु ल्यायो। ११ किनकि पापले आज्ञाद्वारा मौका पाएर मलाई छल्यो, र त्यसैद्वारा मलाई मार्‍यो। १२ व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ। १३ त के जो असल छ, त्यसले मेरो निम्ति मृत्यु ल्यायो तर कदापि होइन! तर पापचाहिँ पापैको रूपमा देखिओस् भनेर असल कुराद्वारा पापले ममा मृत्यु उत्पन्न गराइरहेछ, ताकि आज्ञाद्वारा पाप सम्पूर्ण रूपले पापमय बनोस्।"**

परमेश्वरले दिनुभएको दश आज्ञालाई कसरी उपयोग गर्ने त्यो प्रत्येक मानिसको स्वविवेकमा भर पर्दछ। उदाहरणमा एउटै चक्कुले चिकित्सकले बिमारीको रोगको चिरफार गरेर निको पार्न सक्छ भने त्यही चक्कुले अरूलाई मार्न सक्छ। कानूनको दृष्टिकोणमा अरूको पैसा चोर्ने चोरको सम्बन्ध भिन्नै हुन्छ भने आफ्नो पैसा सुरक्षित राख्न चाहने

व्यक्तिको निम्ति त्यो कानून फरकै भएर उभिएको हुन्छ। परमेश्वरको व्यवस्था वा दश आज्ञा आफै "पवित्र र धर्मी वा शुद्ध, र असल छ" भनेर पावलले स्पष्टोष्टि गर्दछ (रोमी ७:१२)। फेरि त्यही व्यवस्था वा दश आज्ञाचाहिँ "पाप र मृत्यु" भएर खडा हुनसक्छ (रोमी ८:२ रूपान्तरित)। परमेश्वर न्यायमूर्ती भएर कसैलाई सजायँ दिन्छ भन्दैमा उहाँको प्रेमिलो स्वभावमा पवित्रता र न्यायीपना हुँदैन भन्ने छैन। परमेश्वरको दश आज्ञाले पाप र मृत्यु देखाउँछ भन्दैमा त्यो आज्ञा अधर्मी छ भनिन्दैन।

रोमी ८:५-८मा भन्दछ "किनभने पापमय स्वभावअनुसार चल्नेहरूले शरीरका कुरामा मन लगाउँछन्, तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन्। ६ किनभने, पापमय स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो। ७ किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो। परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन सक्छ। ८ पापमय स्वभावको वशमा हुनेहरूले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन्।" पापको दलदलमा पौडी खेल्न चाहनेको निम्ति परमेश्वरको दश आज्ञा "पाप र मृत्यु"को साधन हुन्छ। यस्तो खालको मानिस "पुरानो जीवनलाई"अझसम्म वैवाहिक जीवनमा गाँसीरहेको हुन्छ रे! यस्तो खालको मानिसले पुरानो जीवनलाई त्यागेर वा त्यसलाई मारेर जीवित ख्रीष्टसँग मिल्न नचाहेको हुन्छ। अपवित्र र पापपूर्ण गठबन्धनमा बस्न रुचाउने मानिसहरूको निम्ति परमेश्वर र उहाँको व्यवस्था वा दश आज्ञा शत्रु भएर खडा भइरहेको हुन्छ। ती मानिसहरू परमेश्वरको चाहनाको विपरित रहेको हुनाले दश आज्ञाप्रति तिनीहरूको दृष्टिकोण पनि फरकै हुन्छ (रोमी ८:७)।

"पाप गर्ने मनस्थिति बोकेका मानिसहरूले दश आज्ञामा समर्पित जीवन बिताउन सम्भव छैन न त तिनीहरूले परमेश्वरलाई प्रसन्न पार्न नै सक्छन्" भनेर पावलले औँल्याउँछन् (रोमी ८:७,८ रूपान्तरित)। त्यसको अर्थ यो पनि होइन कि जो मानिस रोमी ७:१३-२५मा संघर्ष गरेको हुन्छ त्यो मानिस परमेश्वरको आज्ञालाई "मेरो दिमागले" सेवा गरेको हुनाले भएको हो (रोमी ७:२५ रूपान्तरित)। यहाँ सत्यलाई नाइँ भन्ने (रोमी १:८ रूपान्तरित) अधर्मी र दुष्टहरूको बारेमा पावलले

चर्चा गरिरहेको हुनसक्छ। परमेश्वरको आधिपत्यको विद्रोह गर्न मनस्थिति बोकेका मानिसहरूको निम्ति उहाँको विधिको शासन वा दश आज्ञा पाप र मृत्युको औजार भएर तगारोको रूपमा खडा भइरहेको हुन्छ (रोमी २:१२)।

जब तपाईंले परमेश्वरको दश आज्ञाको कुनै पनि आज्ञालाई भङ्ग गर्नुभयो भने तपाईंको चेतनामा कस्तो परिरहेको हुन्छ, सोच्नुहोस्।

## ३. परमेश्वरको व्यवस्थाको शक्ति (रोमी ७:८-११)

परमेश्वरको विधिको शासन वा व्यवस्थाको उदेष्य के छ भनेर पावलले देहायका पदहरूले यसरी बताउँछन्, रोमी ४:१५ "किनभने व्यवस्थाले क्रोध ल्याउँछ, तर जहाँ व्यवस्था छैन त्यहाँ अपराध पनि हुँदैन।", रोमी ५:१५ "सित्तैंको वरदान र त्यस अपराधमा केही समानता छैन। किनकि एक जना मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन् बढ़ी परमेश्वरको अनुग्रह र एक जना मानिसको, अर्थात् येशू ख्रीष्टद्वारा आएको सित्तैंको वरदान धेरैका निम्ति प्रशस्त भयो।" र रोमी ७:७ "हामीले के भन्ने? के व्यवस्था पाप हो ? कदापि होइन! यदि व्यवस्था नभए मैले पाप थाहा पाउनेथिइनँ, किनकि "तैंले लोभ नगर्" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउनेथिइनँ।"

फेरि त्यसै बखत जो परमेश्वरको विधिमा रहन चाहन्दैन वा उहाँको व्यवस्थालाई भङ्ग गरेर बाँच्न चाहन्छ त्यसको निम्ति त्यो व्यवस्था कस्तो देखा पर्छ भनेर पावलले यसरी व्यक्त गर्दछन "८ तर पापले आज्ञामा मौका पाएर ममा सबै किसिमका लोभ उत्पन्न गरायो। व्यवस्थाविना त पाप मुर्दातुल्य हो। ९ व्यवस्थाविना रहँदा एक पल्ट म जीवित थिएँ, तर आज्ञा आएपछि पाप जागिउठ्यो, र मचाहिँ मरें। १० जीवनको प्रतिज्ञा दिने त्यही आज्ञाले मेरो निम्ति मृत्यु ल्यायो। ११ किनकि पापले आज्ञाद्वारा मौका पाएर मलाई छल्यो, र त्यसैद्वारा मलाई मार्‍यो। १२ व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ।" (रोमी ७:८-११)।

प्रत्येक औजारको आआफ्नै उद्देष्य हुन्छ। साँचोको काम ताल्चा खोल्ने हो। चक्कुको काम काट्ने हो। त्यही प्रकारले परमेश्वरको व्यवस्था वा दश आज्ञाको कामले पापलाई छर्लङ्ग देखाउनु हो। यदि

दश आज्ञा नै छैन भने कुन् ठीक कुन् बेठीक कसरी थाहा पाउने? परमेश्वरको सामु हामीहरूको क्रियाकलाप वा आचरण कुनचाहिँ स्वीकार्य छ वा कुनचाहिँ अस्वीकार्य छ भनेर थाहा पाउने मापदण्ड कहाँबाट पाउने? दश आज्ञा वा विधिको शासन बिना पापको निरन्तरताको ज्ञान थाहा पाउन सक्दैन। पापसँग जानाजानी परमेश्वरको व्यवस्थाले सहकार्य गर्दैन भनेर पावलले स्पष्ट रूपमा भनेका छन्: "के जुन् मलाई राम्रो गर्न खटिएको कुराले मलाई मार्छ त? अहँ, यो कदापी होइन! पापको यथार्थता बुझ्नै पर्छ। मलाई असल गराउने व्यवस्थाको सट्टा ममा पाप जम्न गएको हुनाले त्यसको उपज मृत्यु हुन गयो। दश आज्ञाले गर्दा पाप के हो भनेर छर्लङ्ग देखियो" (रोमी ७:१३ रूपान्तरित)।

**माथिका उपरोक्त पदहरूमा १ कोरन्थी १५:५०-५८ले यसरी थप जानकारी दिँदछः "अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु, मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन, न त विनाश अविनाशको हकदार हुन सक्छ। ५१ हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, ५२ एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। ५३ किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। ५४ जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ।"५५ "ए मृत्यु, तेरो विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ? ५६ मृत्युको खील पाप हो, र पापको शक्ति व्यवस्था हो। ५७ तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ। ५८ यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो। प्रभुको काममा सधैं बढ्दैजाओ। किनकि तिमीहरू जान्दछौ, कि प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन।"**

यदि छुट्टाछुट्टै गरेर १ कोरन्थी १५:५४-५८ पढियो भने परमेश्वरको व्यवस्था वा दश आज्ञालाई नकरात्मक दृष्टिकोणले हेरिन सक्छ। तर पापको परिभाषा परमेश्वरको व्यवस्थाले वाख्या गर्ने भएकोले पापको यथार्थ चरित्रको पर्दाफास गरिन्छ भनेर पावलले औंल्याउँछन्। "पापको ज्याला वा पापले ल्याउने नतिजा मृत्यु हो" भनेर रोमी

६:२३मा उनले कोरेका छन्। व्यवस्थालाई नकारात्मक रूपमा देखाउन १ कोरन्थी १५ लेखिएको होइन। तर ख्रीष्टलाई विश्वास गर्ने सबै मानिसहरूले कसरी मृत्युमाथि विजय भएको आभास पाउन सकिन्छ भनेर पावलले जिकिर गर्दछन्। परमेश्वरको विधिको शासन वा दश आज्ञालाई भङ्ग गरिन्दा ल्याउने मृत्युमाथि विजय पाउन येशूले हामीलाई सहयोग गर्नु हुन्छ।

**दश आज्ञा वा परमेश्वरको व्यवस्थाप्रति वेवास्ता गरिन्दा एक आपसमा द्वन्दको जग बसिन्छ। पछिल्लो पटक तपाईंले कहिले अनुभव गर्नुभएको छ कि कसैले परमेश्वरको व्यवस्थालाई वेवास्ता गरेर तपाईंको चित्त दुखाइएको छ? त्यसले गर्दा ख्रीष्ट क्रुसमा टाँगिनु हुँदा दश आज्ञा वा व्यवस्था वा परमेश्वरको विधिको शासनको अन्त्य भइयो भन्ने जस्तो तर्क गलत छ भनेर हामीलाई कसरी बुझाउँछ?**

## ४. व्यवस्थाको कमजोर पक्ष (प्रेरित १३:३८,३९)

पापको शक्तिको पर्दाफास परमेश्वरको व्यवस्था वा दश आज्ञाले गर्दछ (१ कोरन्थी १५:५६ रूपान्तरित)। तर त्यस व्यवस्थाको पनि कमजोर पक्ष छ। पापलाई देखाउने शक्तिशाली व्यवस्था कसरी कमजोर हुन सक्छ र?

व्यवस्थाको कमजोर र बलियो पक्ष व्यवस्था आफैमा नभएर त्यो व्यवस्थालाई पालन गर्ने वा नगर्ने मानिसमा भर पर्दछ। जब कोही मानिस परमेश्वरको व्यवस्थाको ज्ञान हुन्छ तब त्यो मानिस पापी रहेछ भनेर पत्ता लगाइन्छ। त्यस व्यवस्थासम्मत नचल्दा त्यो व्यक्ति परमेश्वरको इच्छा विरुद्धमा गइरहेको अनुभव गर्दछ। त्यसको स्थितिलाई व्यवस्थाले औंल्याउँछ वा व्यवस्थाले नै उसलाई पापी भएको ठहऱ्याइ दिन्छ। उसको निम्ति व्यवस्था पापको औजार हुन आउँछ। अनि पापी मानिसले आफू अनन्त मृत्युमा लम्किरहेको छ भनेर महशूस गर्दछ। अनि उसले परमेश्वरको व्यवस्थालाई अक्षरस पालन गर्ने कि नगर्ने भनेर आत्म निर्णय उसको विवेकमा तेर्स्याइ दिन्छ। फेरि यो पनि तथ्य छ कि पापले गर्दा त्यस पापी मानिस अनन्त मृत्युको निम्ति टाँचा लगाइसकेको हुन्छ।

**मुक्ति र व्यवस्थको बारेमा देहायका पदहरूले कसरी वाख्या गर्छन् हेर्नुहोसः प्रेरित १३:३८,३९ "यसकारण भाइ हो, तपाईंहरूलाई थाहा होस्, कि यी नै मानिसद्वारा पाप-क्षमा हुन्छ भन्ने घोषणा तपाईंहरूलाई गरिएको छ। ३९ तपाईं विश्वास गर्नेहरू हरेकले उहाँद्वारा नै सबै कुराबाट छुटकारा पाउनुभएको छ, जुन छुटकारा मोशाको व्यवस्थाद्वारा तपाईंहरूका निम्ति सम्भव थिएन।", रोमी ८:३,४ "पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, ४ यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं।" र गलाती ३:२१,२२ "तब के व्यवस्था परमेश्वरका प्रतिज्ञाहरूका विरुद्ध छ र? कदापि छैन। यदि जीवित पार्न सक्ने व्यवस्था दिइएको भए, धार्मिकता साँच्चै व्यवस्थाबाट हुनेथियो। २२ तर धर्मशास्त्रले बताउँछ, कि सबै कुरा पापको कैदमा छ, ताकि जुन प्रतिज्ञा येशू ख्रीष्टमाथि विश्वासद्वारा दिइएको थियो, त्यो विश्वास गर्नेहरूलाई दिइओस्।"**

"ल, ल, परमेश्वरका आज्ञाहरूलाई निष्ठापूर्वक पालन गरौं र मुक्ति पाऔं" भनेर कतिपयले विश्वास गर्दछन्। तर यस्तो खालको विश्वास बाइबलको विद्यामा छैन। परमेश्वरका आज्ञा वा व्यवस्थाले पापको परिभाषा दिन्छ वा पाप के हो भनेर वाख्या गर्दछ (रोमी ७:७)। दश आज्ञा वा व्यवस्था आफैले कसैलाई पनि क्षमा दिन सक्दैन (गलाती ३:२१)। त्यसैकारण त्यही व्यवस्था जसले पापलाई प्रभावकारी रूपमा देखाउँछ त्यो व्यवस्था कमजोर छ (रोमी ८:३)। दश आज्ञा मानिसहरूको समिपमा देखा पऱ्यो भने तिनीहरूलाई आफ्ना पापहरूका दोष भेट्टाइ दिन्छ र आफूहरू दोषी भएको ठहऱ्याइ दिन्छ। तर त्यसले पापी मानिसहरूलाई धर्मात्मा वा चोखो बनाउँदैन। ऐनाले हाम्रा मुखका दागहरू देखाइ दिन्छ तर त्यसले मेटाइदिन्दैन। एलेन जी ह्वाइट लेख्नुहुन्छ "जुन मानिसहरूलाई दोष देखाइदिन्छ त्यस व्यवस्थाले मानिसहरूलाई उद्धार गर्न सक्दैन। जो मानिसहरू पापमा मरिरहन चाहन्छ तिनीहरूको सामु दश आज्ञा राखियो भने त्यसले तिनीहरूलाई

उद्धार गर्न सक्दैन।"-साइन अभ टाइमस्, नभेम्बर १०, १८९०बाट रूपान्तरित।

जब हामी व्यवस्था वा दश आज्ञाको उद्देष्यलाई स्पष्ट रूपमा बुझ्दछौं तब मानिसहरूलाई पापबाट उद्धार गराउन येशू किन बली हुनुभयो भन्ने आत्मज्ञान बुझ्न सजिलो हुन्छ। येशूको मृत्युले पापी मानिसहरू परमेश्वर र उहाँको पवित्र, सिद्ध वा धर्मी र असल व्यवस्थासँग (रोमी ७:१२ रूपान्तरित) उचित सम्बन्ध राखिदिँछ । फेरि त्यसै बखत येशूमाथि विश्वास नगरी केवल धर्मकर्म वा व्यवस्थालाई पालन गरेर मोक्ष पाउँछ भन्ने धारणाको कुनै औचित्य छैन भनेर उहाँको मृत्युले खुलस्त पार्दछ। यथार्थमा यदि धर्मकर्म वा परमेश्वरको व्यवस्थालाई अक्षरस पालन गरेर कोही मानिस धर्मी ठहरियो भने हाम्रो निम्ति र हाम्रो साटो येशू मर्नुको पनि औचित्य हुँदैन।

**परमेश्वरको व्यवस्था वा दश आज्ञालाई पालन गर्न परमेश्वरले शक्ति दिनुहुन्छ भनेर बाइबलमा बारम्बार उल्लेख गरेको छ। यद्यपि तिनीहरूलाई पालन गर्दैमा हामीलाई मुक्ति वा मोक्ष पाउँन यथेष्ठ किन छैन? झट्ट हेर्दा त्यसको जवाफ त्यत्ति गाऱ्हो त छैन। तपाईं र तपाईंले आज्ञा पालन गर्ने नीतिलाई केलाएर हेर्नुहोस्। यदि तपाईंको मुक्ति वा मोक्ष तपाईंले गर्ने आज्ञाकारितामा भर पर्छ भने परमेश्वरको राज्यमा पस्ने आशा कतिको यकिन हुन सक्छ?**

## ५. व्यवस्था वा दश आज्ञाको श्राप (गलाती ३:१०-१४)

**मानिसको असली चरित्र वा स्वभावको बारेमा देहायका पदहरूले के भन्छन् पढ्नुहोस्? दैनिक जीवनमा हामी त्यस तितो सत्यको यथार्थतालाई कसरी अनुभव गरिरहेका हुन्छौं? भजन ५१:५ "साँच्चै, म जन्मँदा नै पापी थिएँ, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ।", यशैया ६४:६,७ "हामी सबै अशुद्ध मानिसझैं भएका छौं, र हाम्रा सबै धार्मिक काम फोहोर झुत्राझैं छन्। हामी सबै पातझैं ओइलाइहाल्छौं, र हाम्रा पापले हामीलाई बतासले झैं उड़ाइलैजान्छन्। ७ तपाईंको नाउँ लिने कोही पनि छैन, तपाईंलाई समात्न कसैले प्रयत्न गर्दैन, किनकि तपाईंले आफ्नो मुख हामीदेखि लुकाउनुभएको छ, र हाम्रा पापले गर्दा**

**हामी बेकम्मा पार्नुभएको छ।" र रोमी ३:२३ "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्।"**

अपवादको रूपमा येशू ख्रीष्ट बाहेक सबै मानिसहरूले साझा अनुभव गरेका हुन्छन्। सारा मानव प्राणीहरू आदमको पापले ग्रष्त भएका छन्। त्यसको फलस्वरूप कोही पनि मानिसले आफू पवित्र, धर्मी र चोखो छु भन्ने आँट गर्न सक्दैन। बाइबलको इतिहासमा धेरै यस्ता सन्त महापुरुषहरू छन् जो परमेश्वरसँग घनिष्ट सम्बन्ध थियो। तैपनि तिनीहरूले आफू निर्दोषी जीवन बिताएको छु भनेर दावी गर्न सक्दैनन्। कोही मानिस पनि पूर्ण रूपमा निष्कलङ्क जीवन बिताएको दावी गर्न सक्दैन। त्यसलाई मनमा राखेर पावलको भनाईलाई समर्थन गर्नुको विकल्प छैन "जो मानिस केवल परमेश्वरको आज्ञालाई मात्र पालन गर्न भर पर्छ त्यो मानिस श्रापको अधिनमा रहन्छ। किनभने यसरी लेखिएको छ "जो मानिस व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुराहरूलाई पालन गर्दै जीवन बिताउँदैन त्यो मानिस परमेश्वरको श्रापमा हुन्छ" (गलाती ३:१० रूपान्तरित)। व्यवस्थाले मानिसहरू पूर्ण रूपमा आज्ञा पालन गर्न अपेक्षा गर्दछ। येशू बाहेक यस संसारमा अरू को मानिस होला जसले परमेश्वरका आज्ञाहरूलाई पूर्ण रूपमा पालन गरेको छु भनेर दावी गर्न सक्दछ?

**रोमी ६:२३मा लेखिएको अनुसार "व्यवस्थाको श्राप" भनेको के हो? यही सन्दर्भमा उत्पत्ति २:१७ र इजिकिएल १८:४मा लेखिएको पढ्नुहोस् "तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तैंले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस्।" र "४ किनकि हरेक जीवित प्राण मेरै हो" बाबु र छोरा दुवै एकैजस्तै मेरा हुन्। जुन प्राणले पाप गर्छ, त्यही मर्छ।"**

स्वभाविकै रुपमा सबै जना व्यवस्थाको श्रापमा परेको छ। परमेश्वरको दश आज्ञामा पापको निम्ति ठाउँ छैन। त्यही कारणले विगतको पापलाई मानिसले सच्याउन सक्दैन। त्यसको नतिजाले मृत्यु ल्याउने हुनाले सबै जना त्यस दुःखदमा पर्नुपर्छ। अझ याकूबले यस्तो गम्भिर कुराको चित्रण गर्दछ कि जसले एउटामात्र आज्ञा भङ्ग गर्छ त्यसले स्वःत सबै आज्ञाहरू भङ्ग गरिएको ठहर्छ (याकूब २:१०)। पापको ज्याला मृत्यु हो। र मृत्युले कसैमाथि पनि दया देखाउँदैन।

सबै मानिसहरू पापको श्रापमा परेको हुनाले हामीहरू कस्तो निरीह छौं भनेर महशूस गर्नुपर्छ। अनि हामीलाई परमेश्वरको प्रेमलाई बुझ्न सक्छौं र त्यसको सराहना गर्न सक्छौं। "परमेश्वरले हामीलाई उहाँको प्रेम यसरी देखाउनुभएको छ कि हामी पापी छँदै ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो" (रोमी ७:८ रूपान्तरित)

**पावलले के भनेको छ त्यसमा सोच्नुहोस्: "जो जो मानिसहरू व्यवस्थाको काममा भर पर्छ ती मानिसहरू श्रापमा परिरहेको हुन्छ।" (रूपान्तरित)। व्यवस्था वा दश आज्ञा आफैले हामीलाई मुक्ति दिन सक्दैन। त्यसैले गर्दा हामी मृत्युको श्रापमा हुन्छौं। त्यस आत्मज्ञानको सत्यतालाई थाहा पाउँदा येशूले हाम्रो निम्ति जे गर्नुभयो त्यसलाई हामी कसरी बुझ्न सक्छौं? हामीहरूको जीवनमा त्यस सत्यतालाई कसरी चरितार्थ गरेर हिंड्ने? १ यूहन्ना ५:३ पढ्नुहोस्: "परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं, र उहाँका आज्ञाहरू भारपूर्ण छैनन्।"**

## उपसंहार

**थप जानकारी:** एलेन जी ह्वाइटद्वारा लिखित द डिजाएर अभ एजेजको पृ. ७५८-७६४को "इट इज फिनिशड।" पढ्नुहोस्।

"व्यवस्था वा परमेश्वरको दश आज्ञाले धर्मी भएको अपेक्षा गर्दछ। मानिसको जीवन असल र निष्कलङ्क चरित्रको होस् भन्ने व्यवस्थाको चाहना हो। यथार्थमा मानिस आफै त्यस स्तरमा पुग्न सक्षम् छैन। परमेश्वरको पवित्र व्यवस्थाले अपेक्षा गरेको अनुसार चलेको छु भनेर कसैले पनि दावी गर्न सक्दैन। तर ख्रीष्ट यस संसारमा मानिसको अवतार लिएर आउनुभयो। उहाँ पवित्र जीवन बिताउनुभयो र सिद्ध र निष्कलङ्क चरित्रको बिकास गर्नुभयो। जसले उहाँलाई ग्रहण गर्छ त्यसलाई त्यस गुण सित्तैंमा दिन चाहनुहुन्छ। मानिसहरूको जीवनको सामु उहाँको जीवन उभिएको हुन्छ। परमेश्वरको अनुग्रह र दयाले गर्दा तिनीहरूको विगत पापलाई उहाँले क्षमा दिनुहुन्छ। अझ यतिमात्र कहाँ हो र? मानिसहरूको जीवनमा ख्रीष्टले परमेश्वरका असल स्वभावहरूले भरिदिनुहुन्छ। उहाँले मानिसहरूको चरित्र परमेश्वरको जस्तै गरेर यसरी बिकास गराउनुहुन्छ कि तिनीहरूको जीवनमा

परमेश्वरको अध्यात्मिक बल र त्यसको सौन्दर्यता झल्कियोस्। त्यसले गर्दा येशूमा विश्वास गर्नेहरूको जीवनमा दश आज्ञा वा व्यवस्थाले माग गरेको शुद्ध, धर्मी र उचित जीवन बिताउने असली गुण परिपूर्ती हुन्छ। परमेश्वर न्यायोचित हुनुहुन्छ। आफू ठीक छ भनेर परमेश्वरले प्रमाण गर्नुहुन्छ। येशूलाई विश्वास गर्नेहरूसँग उहाँले उचित र ठीक सम्बन्ध राख्नुहुन्छ (रोमी ३:२६)।-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ७६२बाट रूपान्तरित।

यस अध्यायको सारमा भर्नु पर्दा येशूको मृत्युले परमेश्वरको व्यवस्था वा दश आज्ञाको स्थायित्वलाई अनुमोदन गरेको छ भनेर पुष्टि गर्दछ। जब हामीहरूको पहिलो पूर्खा आदम र हव्वाले पाप गरे तब परमेश्वरले उहाँको व्यवस्था वा दश आज्ञालाई हटाउन सक्नुहुन्थ्यो। यदि त्यो हटाइएमा तिनीहरूले विधिको शासन तोड्यो भन्ने दोष तिनीहरूमाथि थोप्रिन्दैनथ्यो। तर परमेश्वरले आफ्नो व्यवस्थालाई हटाउनुभयो भने संसारका मानिसहरूलाई के ठीक के वेठीक भन्ने चेतना हुँदैनथ्यो र मानिसहरूको हर समाजमा अराजकताले प्रभुत्व कायम गर्थ्यो। बरू उहाँले आफ्नो प्रीय पुत्रलाई यस संसारमा यस कामको निम्ति पठाउनुभयो कि व्यवस्थाले माग गरेको सारा मानिसहरूको सजायँ उहाँ आफैले भोगोस्। ख्रीष्टको मृत्युले सारा संसारका मानिसहरूलाई परमेश्वरसँग उचित, न्यायोचित र ठीक सम्बन्ध राख्न अवसर प्रदान गरिदिएको छ। त्यसको यथार्थ अर्थ यो हो, हामी जो कोही भएतापनि ख्रीष्टमा आस्था राख्दा हामीहरूका पापहरू क्षमा हुन्छ र परमेश्वरको दृष्टिमा शुद्ध र सिद्ध भएर खडा हुन सक्षमता हासिल गर्न सक्छौं।

**चिन्तनमनन:**

अ. मानिसले जतिसुकै खराब काम गरेतापनि उसले गरेको असल कामले पछि गएर ठीक वा धर्मी पारिहाल्छ नि भनेर धेरै धर्महरूले सिकाउँदछन्। अनि परमेश्वरले नै उसलाई कस्तो इनाम दिनुहुनेछ भनेर निर्णय गर्नुहुन्छ रे? यस्तो किसिमको धारणा किन अत्यन्त भयानक हुन सक्छ?

आ. परमेश्वरको बराबरीमा हुनुहुने येशू हामीहरूको पापको निम्ति मर्नुभयो। तर हामीले मुक्ति पाउन केवल दश आज्ञा वा

परमेश्वरको व्यवस्थालाई अक्षरस पाल गरे भइहाल्छ नि भन्ने मनस्थिति हामीले बोक्यौं भने के होला? त्यसले येशूले गर्नुभएको हाम्रो निम्ति त्याग र बलिको औचित्य के हुन जान सक्छ?

इ. ख्रीष्टको मृत्युपछि परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू स्वःत खारेज भइयो भनेर कतिपय इसाई भनाउँदा विद्वानहरूले नै सिकाएका विभिन्न तर्कहरू के छन्? जब मानिसहरूले त्यस तर्कलाई अङ्गाली राख्छ भने यथार्थमा तिनीहरूले कसलाई हटाएको वा निकम्मा तुल्याएको देखाउँछ? दश आज्ञाहरूमध्ये कुनचाहिँ आज्ञालाई हटाइयो भनेर तिनीहरूले सोचेको होला